# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक १० गते २०३२ साल

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग श्री ५ को सरकारले धरान अस्पताल विकासको लागि कोशी अञ्चल सुनसरी जिल्ला धरान नगर पञ्चायत वडा नं. ४ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

(१) पूर्व धरान अस्पताल एरिया, पश्चिम कि.नं. ८०८, उत्तर अस्पतालले दान पाएको जग्गा, दक्षिण कि.नं. ७५७ कै बाँकी जग्गा यति ४ किल्लाभित्रको मालपोत रू. २।९८ (दुई रूपैयाँ अन्ठानब्बे पैसा) लाग्ने कि.नं. ७५७ मध्येबाट ०–१–३ (एक कट्ठा तीन धुर) को जग्गा कित्ता ।

(२) पूर्व कि.नं. ७५७, पश्चिम कि.नं. ४०६, उत्तर अस्पतालले दान पाएको जग्गा, दक्षिण कि.नं. ८०८ कै बाँकी जग्गा यति ४ किल्लाभित्रको मालपोत रू. २।९८ (दुई रूपैयाँ अन्ठानब्बे पैसा) लाग्ने कि.नं ८०८ मध्येबाट ०–१–३ (एक कट्ठा तीन धुर) को जग्गा कित्ता ।



आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८२

(३) पूर्व कि.नं. ८०८, पश्चिम कि.नं. ८०७, उत्तर अस्पतालले दान पाएको जग्गा, दक्षिण कि.नं. ४०६ कै बाँकी जग्गा यति चार किल्लाभित्रको मालपोत रू. २।६८ (दुई रूपैयाँ अन्ठानब्बे पैसा) लाग्ने कि.नं. ४०६ मध्येबाट ०–१–३ (एक कट्ठा तीन धुर) को जग्गा कित्ता।

(४) पूर्व कि.नं. ४०६, पश्चिम कि.नं. ३४१, उत्तर अस्पतालले दान पाएको जग्गा, दक्षिण कि.नं. ८०७ कै बाँकी जग्गा यति ४ किल्लाभित्रको मालपोत रू. २।६८ (दुई रूपैयाँ अन्ठानब्बे पैसा) लाग्ने कि.नं. ८०७ मध्येबाट ०–१–३ (एक कठ्ठा तीन धुर) का जग्गा कित्ता।

(५) पूर्व कि.नं. ८०७, पश्चिम कि.नं. ५१०, उत्तर अस्पतालले दान पाएको जग्गा, दक्षिण कि.नं. ३४१ कै बाँकी जग्गा यति ४ किल्लाभित्रको मालपोत रू. २।६८ (दुई रूपैयाँ अन्ठानब्बे पैसा) लाग्ने कि.नं. ३४१ मध्येबाट ०–१–३ (एक कट्ठा तीन धुर) को जग्गा कित्ता।

(६) पूर्व कि.नं. ३४१, पश्चिम कि.नं. ७५७, उत्तर अस्पतालले दान पाएको जग्गा, दक्षिण कि.नं. ५१० कै बाँकी जग्गा यति ४ किल्लाभित्रको मालपोत रू. १।७४ (एक रूपैयाँ चौहत्तर पैसा) लाग्ने कि.नं. ५१० मध्येबाट ०–०–१३⅓ (तेह्र धुर एक त्रितियाँस) धुरको जग्गा कित्ता।

आज्ञाले–
हरिहरजङ्ग थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।